# नौकुण्ड गाउँपालिकाको गाउँसभामा प्रस्तुत
# आर्थिक वर्ष २०८०/०८१ को
# आर्थिक विधेयक

गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमती प्रदेश, नेपाल
१३ आषाढ, २०८०

## नौकुण्ड गाउँपालिकाको आर्थिक विधेयक , २०८०

### नौकुण्ड गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना : नौकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजश्व संकलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा सेवा शुल्कहरु निर्धारण गर्न वाञ्छनीय भएकोले,

नौकुण्ड गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस विधेयकको नाम **"आर्थिक ऐन, २०८०"** रहेको छ।

(ख) यो विधेयक २०८० साल श्रावण १ गतेदेखि नौकुण्ड गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

२. **सम्पति कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घर/जग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर / जग्गा वहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै / आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर / जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय कर:** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन कर:** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुर:** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **पर्यटन शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१५. **कर छुट:** यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

१७. संघिय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट विनियोजित बजेटबाट संचालन हुने आयोजनाहरूको सूचिदर्ता अनिवार्य गरिनेछ।

१८. फर्म, कम्पनी वा व्यवसायहरू अनिवार्य सूचिकृत गरिनेछ र सो सूचिकृत फर्म, कम्पनी वा व्यवसायहरूबाट मात्र सेवा लिईनेछ।

## अनुसुची १
## सम्पत्ति कर

| क्र.स. | विवरण | विस्तृत विवरण | दर | | |
|---|---|---|---|---|---|
| | | | एक तले | दुई तले | तीन वा सो भन्दा बढी तले |
| १. | सम्पति कर | ढुङ्गा माटो जोडाई जस्ता/ ढुङ्गा छानो | १०० | १५० | २०० |
| | | भुकम्प प्रतिरोधि घर जस्ता छानो भएको एक तले | २०० | २५० | ३०० |
| | | आर.सि.सि पक्की घर | ३०० | ४०० | ५०० |

## अनुसुची २
### भुमी कर (मालपोत)

| क्र.स. | विवरण | विस्तृत विवरण | दर (प्रति रोपनी) | | |
|---|---|---|---|---|---|
| | | | घनहर | | पाखो |
| १. | भुमि कर | अब्बल | ३५ | | ३० |
| | | दोयम | ३० | | २५ |
| | | सिम | २५ | | २० |
| | | चाहार | २० | | १५ |

नोट: १ वर्षभन्दा बढी समयसम्म कर नबुझाउनेलाई जम्मा कर रकममा १० प्रतिशत, २ वर्षभन्दा बढी समय कर नबुझाउनेलाई २० प्रतिशत र ५ वर्ष भन्दा लामो समय कर नबुझाउनेलाई ३५ प्रतिशत थप जरिवाना लाग्नेछ।

## अनुसुची ३
### घर / जग्गा वहाल कर

घर बहाल कर घर भाडाको १० प्रतिशत लगाईने छ।
जग्गा बहाल कर जग्गा बहाल करको १ प्रतिशत लगाईने छ।

## अनुसुची ४
### व्यवसाय कर
#### व्यवसाय दर्ता/ नवीकरण शुल्क

| क्र.स. | विवरण | विस्तृत विवरण | दर्ता शुल्क | नविकरण शुल्क | व्यावसाय कर |
|---|---|---|---|---|---|
| १. | व्यापार व्यवसाय कर | कपडा/फेन्सी/कस्मेटीक/व्याग/जुत्ता पसल | १००० | ५०० | ५०० |
| | | सुन चाँदी गहना पसल | २००० | १००० | १००० |
| | | हार्डवेयर | ३००० | १५०० | १५०० |

| | | |
|---|---|---|---|
| सवारी साधन विकी शोरुम | ३००० | १५०० | १५०० |
| कलर ल्याव | १५०० | ८५० | ५०० |
| केवुल तथा डिस होम | ५००० | ३००० | १००० |
| बैंक सरकारी/ निजी | १०००० | ७००० | ३००० |
| वित्तिय संस्था फाईनान्स | ४००० | २५०० | ३००० |
| उत्पादक सहकारी | १००० | ५०० | ५०० |
| महिला सहकारी | ८०० | ४०० | ३०० |
| अस्पताल (निजी) | ३००० | २५०० | २००० |
| मेडिकल/ आयुर्वेद | १५०० | १००० | २००० |
| किराना पसल वर्गिकरणको आधारमा | १००० | ५०० | १००० |
| किराना जनरल स्टोर्स | १००० | ५०० | १२०० |
| एफ एम रेडियो सामुदायिक | १००० | ५०० | ६०० |
| एफ एम रेडियो निजी | २००० | १५०० | १००० |
| भाडा पसल | १००० | ५०० | १००० |
| इलेक्ट्रिक पसल | १००० | ५०० | ८०० |
| कम्प्यूटर/मोवाईल/टिभि विकि तथा मर्मत | २००० | १००० | १००० |
| पेट्रोल पम्प तथा थोक ग्यास विकेता | ५००० | ३००० | १५०० |
| फर्निचर तथा फर्निसिङ | ४००० | २००० | १५०० |
| कोचिङ सेन्टर/ कम्प्यूटर ईन्स्टिच्यूट | ३००० | १५०० | १००० |
| कन्सल्टेन्सी/ परामर्श सेवा/म्यानपावर | ३५०० | २००० | १५०० |
| माछा/ मासु | २००० | १००० | १००० |
| गिफ्ट सामान | १००० | ५०० | ५०० |
| फलफुल/ तरकारी/ दुध | १००० | ५०० | ५०० |
| मदिरा पसल थोक | ५००० | ४००० | ३००० |
| मदिरा पसल खुद्रा | ३००० | २००० | १५०० |
| स्टेसनरी थोक | ५००० | २००० | १०० |
| स्टेसनरी खुद्रा | २००० | १००० | ५०० |
| पुल हाउस, स्नुकर हाउस संचालन | २००० | १००० | ७०० |
| फोटोकपी/ नेटवर्किङ/ साइवर | १००० | ५०० | ५०० |
| व्युटि पार्लर | १००० | ५०० | ३०० |
| सिलाई कटाई तालिम | २००० | १०० | ५०० |
| टेलरिङ | १००० | ५०० | ५०० |
| सिसा प्लाईउड पसल | १००० | ५०० | ५०० |
| साईनबोर्ड पेन्टिङ पसल | १००० | ५०० | ५०० |
| सोलार | १५०० | ७५० | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कुरियर सेवा | ५०० | ३०० | ५०० |
| | | घ वर्गको निर्माण व्यवसायी | १०००० | ७००० | ३००० |
| | | घरेलु तथा कृषि उद्योग गाई/ पशु फर्म | १००० | ५०० | ५०० |
| | | फोटो ग्राफी/ भिडियो | १००० | ५०० | ३०० |
| | | सर्भेयर | १००० | ५०० | ३०० |
| | | कानून व्यवसायी/ लेखनदास | २००० | १००० | ५०० |
| | | ड्राईक्लिनर | १००० | ५०० | ३०० |
| | | सवारी साधन मर्मत | २००० | १००० | ५०० |
| | | सवारी साधन पार्टपूर्जा बिक्री | २००० | १००० | ५०० |
| | | हेयर कटिङ्ग | १००० | ५०० | ३०० |
| | | एग्रोभेट/ विउविजन | १००० | ५०० | ३०० |
| | | होस्टेल | १००० | ५०० | ५०० |
| | | टेण्ट/ क्याटरिङ | १५०० | १००० | ५०० |
| | | चटपटे/ आइसक्रिम | १००० | ५०० | २०० |
| | | मनि ट्रान्सफर | १००० | ५०० | ५०० |
| | | ट्रेड सेन्टर | ३००० | २००० | १००० |
| | | डिपार्टमेन्टल स्टोर्स | ३००० | २००० | १००० |
| | | फुटकर व्यापारी अनुमती पत्र | एक महिनाको लागि १००० | | गाडि सहित २००० महिनाको |
| | | टेलीफोन सेवा प्रदायक | २००० | १००० | ५०० |
| | | ईन्टरनेट सेवा प्रदायक | २००० | १००० | ५०० |
| २ | निर्माण उपकरण सूचि दर्ता | डोजर/ रोलर/ ग्रेडर दर्ता चेन भएको | वर्षको १०००० एकमुष्ठ | | |
| | | डोजर/ रोलर/ ग्रेडर दर्ता टायर भएको | वर्षको १०००० एकमुष्ठ | | |
| ३ | शैक्षिक संस्था, संघ संस्था, सहकारी | निजि विद्यालय | ५००० | २००० | १००० |
| | | क्याम्पस | १०००० | ३००० | २००० |
| | | प्राविधिक शिक्षालय | ३००० | २००० | २००० |
| | | संघ संस्था दर्ता | १००० | ५०० | |
| | | लक्षित वर्ग/समूह दर्ता | ५०० | २५० | |
| | | सहकारी | १००० | ५०० | |
| | | बित्तीय संस्था सुचिकरण | ५००० | | |
| ४ | विमा एजेन्ट | विमा कम्पनी | १००० | ५०० | २०० |
| ५ | उद्योग व्यवसाय | छापाखाना | २००० | १००० | ५०० |
| | | स्वदेशी वस्त्र उद्योग एंव शोरुम | ५०० | ३०० | ३०० |
| | | ईटा टायल | २००० | १००० | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | होजियारी उद्योग | ५०० | ३०० | २०० |
| | | कुटानी पिसानी मिल (ठूलो) | १००० | ५०० | ३०० |
| | | कुटानी पिसानी मिल (सानो) | ५०० | ३०० | २०० |
| | | जुत्ता उद्योग | १५०० | ७५० | ५०० |
| | | भाडा उद्योग | १५०० | ७५० | ५०० |
| | | आल्मुनियम पसल/ स्टिल फर्निचर | २००० | १००० | ५०० |
| | | तयारी पोशाक | १००० | ५०० | ४०० |
| | | पोल्ट्री फर्म | १००० | ५०० | ५०० |
| | | स: मिल | २००० | १००० | ५०० |
| | | ग्रिल उद्योग | २००० | १००० | ७०० |
| | | पाउरोटि उद्योग | १००० | ५०० | ५०० |
| | | फ्लेक्स प्रिन्टि | १००० | ५०० | ३०० |
| ६ | होटल व्यवसाय | पार्टि प्यालेस | १५०० | १००० | ७०० |
| | | पर्यटकस्तरीय होटल | २००० | १००० | ७०० |
| | | सुत्ने खाने व्यवस्था भएको होटल/ मिठाई पसल | १००० | ५०० | ५०० |
| | | बार समेतको रेस्टुरा | १००० | ५०० | ५०० |
| | | चिया नास्ता पसल सामान्य खालको | ५०० | ५०० | १०० |

## अनुसुची ५

### जडिबुटी, कवाडी र जीवजन्तु अवसेस कर

| क.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | जटीवुटी कर प्रतिकेजी : रु २ सरकार द्वारा प्रतिवन्धित नभएको | | रु २ |
| २ | जिवजन्तु कर : रु २ प्राकृतिक रुपमा मरेका तथा सरकार द्वारा प्रतिवन्धित नभएको | | रु २ |
| ३ | कवाडीमाल संकलन - प्रति ट्रिप | | रु २००० |

## अनुसुची ६

### सवारी साधन कर

| |
|---|
| सडक निर्माण तथा मर्मत संभार दस्तुर |
| विस्तृत अध्ययन पश्चात लागु गरिने |

## अनुसुची ७

### विज्ञापन कर

| क.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | होर्डिङ बोर्ड | प्रति वर्ग फिट | ५ |
| २ | तुल व्यानर | प्रति गोटा | ५०० |

| | | | |
|---|---|---|---|
| ३ | गाडिमा सामान बोकि विज्ञापन | प्रति पटक | ५०० |

## अनुसुची ८

### मनोरञ्जन कर

| क्र.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | मनोरञ्जनात्मक कार्यक्रम | मेला/ महोत्सव/ कन्सर्ट/ साँस्कृतिक कार्यक्रम प्रति पटक | १००० |

## अनुसुची ९

### बहाल बिरौटी कर

| क्र.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | निर्माण रेखदेख मर्मत सम्भार खर्च | कुल आयको | ५ प्रतिशत |

## अनुसुची १०

### पार्किङ शुल्क

| क्र.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | प्रतिपटक पार्किङ शुल्क | हेभि ईक्वुपमेन्ट ( डोजर, लोडर आदि) | १०० |
| | | चारपाङग्रे सवारी साधन ठूलो (वस, ट्रक, मिनि वस, ट्याक्टर) | ३० |
| | | कार, जिप, भ्यान | २५ |
| | | मोटरसाइकल | ५ |
| | | नोटः पार्किङ स्थल तोकिए पश्चात लागु गरिने | |

## अनुसुची ११

### ट्रेकिङ शुल्क

| क्र.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | स्वदेशी | प्रति दिन | २० |
| २ | विदेशी | प्रति दिन | १ डलर |

## अनुसुची १२

### सेवा शुल्क दस्तुर

#### सिफारीस र प्रमाणित शुल्क

| क्र.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | प्रमाणित शुल्क | व्यक्तिगत नाता प्रमाणित गर्ने | ५०० |
| | | कन्सुलर प्रमाणित | ५०० |
| | | मृतकसँगको नाता प्रमाणित | ५०० |
| | | व्यक्तिगत विवरण प्रमाणित गर्ने | ५०० |
| | | हकवाला वा हकदार प्रमाणित गर्ने | २०० |
| | | घर बाटो प्रमाणित बाटो भएको /नभएको | ५००/३०० |

| | | | |
|---|---|---|---|
| | | चारकिल्ला प्रमाणित तीन तिर/दुई तिर/एक तिर/नभएको | ५००/४००/३००/१०० |
| | | अङग्रेजी भाषामा गरिने नाता प्रमाणित | ५०० |
| | | आम्दानी प्रमाणित ( अङग्रेजी) २० लाख सम्म | २% |
| | | आम्दानी प्रमाणित ( अङग्रेजी) २१ लख देखि ५० लाख सम्म | २% |
| | | आम्दानी प्रमाणित ( अङग्रेजी) ५० लाख भन्दा माथि | २% |
| | | आम्दानी प्रमाणित ( नेपालीमा) २० हजार सम्म माषिक | ५०० |
| | | आम्दानी प्रमाणित ( नेपालीमा) २० हजार देखि ४० हजार सम्म माषिक | १००० |
| | | विवाद दर्ता शुल्क ( अपांगता, वालवालिका,जेष्ठनागरिक,एकल महिला छुट गरिन | २०० |
| | | आम्दानी प्रमाणित ( नेपालीमा) ४० हजार माथि रु ३५० मा ०.०३% थप | |
| २ | धितो मुल्याङकन सिफारिस | अङग्रेजी/ नेपाली रु १० लाख सम्म | १००० |
| | | अङग्रेजी/ नेपाली रु १० लाख देखि २० लाख सम्म | १८०० |
| | | अङग्रेजी/ नेपाली रु २० लाख देखि ५० लाख सम्म | ३५०० |
| | | अङग्रेजी/ नेपाली रु ५० लाख देखि १ करोड सम्म | ४००० |
| | | अङग्रेजी/ नेपाली रु १ करोड देखि माथि ४००० मा थप ०.०३% | |
| ३ | सिफारीस | नागरिकता/ नावालक परिचयपत्र | २०० |
| | | प्रतिलिपि नागरिकता सिफारिस | ५०० |
| | | मोही लगत कट्टा | १०० |
| | | अंगीकृत नागरिकता | १००० |
| | | घर कायम | ५०० |
| | | व्यवसाय वन्द | १००० |
| | | छात्रवृत्ति, विपन्न विद्यार्थी, अपाङ्ग, असहाय, विपद पिडित | नि.शुल्क |
| | | अस्थायी/ स्थायी बसोवास | २०० |
| | | विद्युत जडान | २०० |
| | | सर्जमिन मुचुल्का | ५०० |
| | | सिफारीस दस्तुर विविध प्रकारका | १०० |
| | | अङग्रेजी भाषमा गरिने विविध सिफारिस | १००० |
| ४ | व्यक्तिगत घटना दर्ता जरिवाना ( ३५ दिनभित्र नि:शुल्क) | जन्म दर्ता | २०० |
| | | मृत्यु दर्ता | २०० |
| | | विवाह दर्ता | २०० |

| | | | |
|---|---|---|---|
| | | बसाइसराइ जाने | २०० |
| | | बसाइसराइ आउने तथा गा.पा. भित्र | २०० |
| | | बाहिरी जिल्ला बाट बसाइसराइ आउनेको हकमा | १००० |
| | | व्यक्तिगत घटना दर्ता ३५ दिन पछाडी : राष्ट्रिय परिचय पत्र तथा पंजिकरण नियमावली २०७७ अनुसार दर्ता शुल्क लिने । | |
| | | सम्बन्ध विच्छेद | २०० |
| नोटः प्रतिलिपि बापत तोकिए बमोजिमको रु.५०० शुल्क लाग्नेछ । | | | |
| ५ | झै झगडा मुद्दा मामिला निवेदन | मिलापत्रका लागि मात्र | २०० |
| | | नगद/ जिन्सी दावी सहित | ५०० |
| नोटः झै झगडा/ मुद्दा मामिलामा पिडक ठहरिए पश्चात सम्पूर्ण खर्च पिडकमार्फत भराईने | | | |

**अनुसुची १३**

**पर्यटन शुल्क (प्रतिपटक)**

| क.स. | विवरण | विस्तृत विवरण | दर | | |
|---|---|---|---|---|---|
| १ | पर्यटन शुल्क | विदेशी | १००० | | |
| २ | | आन्तरिक पर्यटक (रसुवा जिल्ला बाहेक) | १०० | | |

**अनुसुची १४**

**फोहोरमैला व्यवस्थापन शुल्क**

| क.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | होटल व्यवसाय | वार्षिक | १५०० |
| | सरकारी तथा गैर सरकारी संघ संस्था तथा संस्थानहरु | | १५०० |
| २ | पसल | मासिक | १०० |
| ३ | घरबाट निस्कने | मासिक | १० |

**अनुसुची १५**

**नक्सा पास दस्तुर**

| क.स. | विवरण | प्रति वर्ग फिट | दर | | |
|---|---|---|---|---|---|
| | | | पक्की | | कच्चि |
| १ | घर नक्सा पास | | ४ | | १ |
| २ | घर नक्शा अभिलेखिकरण | | २ | | |

**अनुसुची १६**

## सडक अवरोध जरिवाना

| क.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | सडक अवरोध जरिवाना | सडक खन्ने/पुर्ने अवरोध भएमा | सम्बन्धित आ.व.को लागि पालिकाको दररेट विश्लेषन अनुसार लगाउने |

## अनुसुची १७
## संघ संस्था समुह दस्तुर

| क.स. | विवरण | विस्तृत विवरण | दर | | |
|---|---|---|---|---|---|
| | | | दर्ता शुल्क | | नविकरण शुल्क |
| १ | संघ संस्था | युवा क्लब | २००० | | १०० |

## अनुसुची १८
## ढुङ्गा गिटी बालुवा

| क.स. | विवरण | विस्तृत विवरण | दर | | |
|---|---|---|---|---|---|
| | | | टिप्पर | | आइचर |
| १ | टेक्टर | ढुङ्गा, गिटि, बालुवा प्रति ट्रिप | IEE को प्रतिवेदन अनुसार प्रदेश कानुनबमोजिम ठेक्का पट्टा मार्फत उठाईने | | |
| २ | ट्रिपर/ ट्रक | ढुङ्गा, गिटि, बालुवा प्रति ट्रिप | | | |
| ३ | स्ल्याव ढुंगा | प्रति ट्रिप | २००० | | १००० |
| ४ | ढुंगा | प्रति ट्रिप | ५०० | | ३०० |

## अनुसूची १९
## सूचिदर्ता शुल्क

| क.सं. | विवरण | विस्तृत विवरण | दर | |
|---|---|---|---|---|
| | | | दर्ता शुल्क | नविकरण |
| १ | संघिय सरकार | संचालन हुने आयोजनाहरू | ५००० | २५०० |
| २ | प्रदेश सरकार | संचालन हुने आयोजनाहरू | २००० | १००० |
| ३ | गाउँपालिकाबाट | संचालन हुने आयोजनाहरू | १००० | |

१. यस गाउँपालिकामा व्यवसाय गर्ने व्यवसायीहरुले आ.व.को अन्तसम्ममा व्यवसाय नविकरण नगराएमा देहायबमोजिम जरिवाना लाग्नेछ :

अर्को आर्थिक वर्षको असोज मसान्त सम्ममा जरिवाना नलाग्ने

कार्तिक- पुषमा नविकरण दस्तुरको २५% जरिवाना लाग्नेछ।

माघ- चैत्रमा नविकरण दस्तुरको ४०% जरिवाना लाग्नेछ।

बैशाख-असारमा नविकरण दस्तुरको ७५% जरिवाना लाग्नेछ।

अर्को आर्थिक वर्ष समाप्त भएपछि प्रतिवर्ष १००% का दरले थप जरिवाना लाग्नेछ।

२. एउटा व्यवसाय मुख्य भई सो भन्दा अरु प्रकृतिको वस्तु समेत विक्री गरेमा प्रत्येक प्रकृतिका आधारमा रु १०० का दरले थप दस्तुर लाग्नेछ।

३. कुनै धार्मिक वा पर्यटकिय मेला लाग्ने स्थलमा उक्त स्थल कारोवार र व्यवसाय हेरी विकास समितिले आम्दानिको २५% गाउपालिकालाइ वुझाउनु पर्ने छ।

४. नक्सा पास प्रयोजनका लागि तयार गरिएको निवेदन पुस्तिकाको मुल्य रु ३०० लाग्नेछ ।

५. घरहरुका अनुगमन मूल्याङकन गर्दा अनुगमन शुल्क रु ५०० लाग्ने छ ।

६. यस गाउँपालिकाले असुल गर्ने सेवा शुल्क तथा विभिन्न कर दस्तुर हरु ठेक्का प्रकृयावाट असुलउपर गर्दा ठेक्का लिने ठेकेदारले एकमुस्ठ रुपमा नगदै अग्रिम रकम दाखिला गर्न आएमा ठेक्का रकमको १0% रकम छुट दिइनेछ ।

७. भुमिगत तला भन्नाले बाटो भन्दा तलको (underground ) पहिलो तलालाइ मानि सो भन्दा माथिका तला हरुलाई कमश : पहिलो , दोश्रो .... गरि गणना गरि नक्सा पास तथा घरकरको शुल्क लिइने छ ।

८. अपाङ्ग , जेष्ठ नागरिक , विपद् बाट प्रभावित तथा विपन्नलाइ सिफारिस लगायत प्रशासनिक कार्यको शुल्क , दस्तुर मिनाहा गरिने छ ।